NABIL BANK®

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

Nabil Bank
P.O.Box 3729 Teendhara, Durbarmarg
Kathmandu, Nepal
Email : info@nabilbank.com
Tel : (977-1) 4227181, 4221718
Fax : (977-1) 4226905
SWIFT : NARBNPKA
Website : www.nabilbank.com

मिति: २०७८/०९/३०

**श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड**

**सिंहदरवार प्लाजा, काठमाण्डौ**

**नेपाल ।**

**विषय: ३७औं वार्षिक साधारणसभा सम्बन्धमा ।**

यस नबिल बैंक लिमिटेडको ३७औं वार्षिक साधारणसभा मिति २०७८ पौष ३० गते तदनुसार १४ जनवरी २०२२ नबिल बैंक लिमिटेड, केन्द्रिय कार्यालय, तिनधारा, दरबारमार्ग, काठमाडौंमा सम्पन्न भएको वेहोरा जानकारी गराउँदै सभाले आ.व. २०७७/७८ को वार्षिक आर्थिक विवरण लगायत साधारणसभामा प्रस्तुत भएका सम्पूर्ण प्रस्तावहरु पारित/अनुमोदन गरेको छ ।

सभाले आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट ३८ प्रतिशत लाभांश (३३.६० प्रतिशत वोनस शेयर र ४.४० प्रतिशत नगद लाभांश) वितरण गर्ने प्रस्ताव पारित गरेको छ । उक्त साधारण सभाले संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद २ मा श्री उदय कृष्ण उपाध्याय र एनबी ( इन्टरनेशनल) लि.को प्रतिनिधित्व गर्दै श्री उपेन्द्र प्रसाद पौडेललाई निर्विरोध निर्वाचित गरेको छ ।

साथै, साधारणसभाले आ.व.२०७८/७९(२०२१/२२) को लागि वाह्य लेखापरीक्षकहरु श्री एस.ए.आर एसोसियट्स, चार्टड एकाउन्टेन्ट्स तथा श्री पि.जे.पि.एन. एण्ड कम्पनी, चार्टड एकाउन्टेन्ट्स लाई संयुक्त रुपमा लेखापरीक्षकमा पुन: नियुक्त गर्ने तथा लेखापरीक्षकको पारिश्रमिक अनुमोदन गर्ने, बैंकको प्रबन्धपत्रमा संशोधन, मर्जर तथा एक्विजिसन लगायतका प्रस्तावहरु पारित गरेको छ ।

भवदीय,

NABIL BANK Head Office Teendhara, Kathmandu

कम्पनी सचिव
विनय कुमार रेग्मी

**बोधार्थ:**

१. नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. नेपाल राष्ट बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
३. नेपाल राष्ट बैंक, बैंक सुपरिवेक्षण विभाग, दरबारमार्ग, काठमाडौं ।
४. कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
५. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।